# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाडौं

मिति: २०७६।०६।०६ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

जिल्ला पर्सा जगरनाथपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, जगरनाथपुर शिक्षा शाखामा कार्यरत विद्यालय निरीक्षक शिक्षा अधिकृत राजेश्वर प्रसाद चौरसियाले राहत करार शिक्षक र बाल विकास सहयोगी नियुक्तिमा अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा जगरनथापुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय जगरनाथपुरका शिक्षा अधिकृत (विद्यालय निरीक्षक) राजेश्वर प्रसाद चौरसियाले विभिन्न व्यक्तिहरूवाट गैर कानूनी आर्थिक लाभ लिएर निजरूलाई नक्कली तथा गलत नियुक्तिपत्र दिई त्यस्ता नक्कली कागजातहरूका आधारमा गाउँपालिका अन्तर्गतका विभिन्न विद्यालयहरूमा कामकाजमा लगाई गाउँकार्यपालिकाबाट निजहरूले समेत तलव भत्ता प्राप्त गर्ने गरी निकासा गरी गराई भुक्तानी दिलाई नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याउने काम गरेको पाइएकोले श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय मसिहानी पर्साका शिक्षक धर्मेन्द्र ठाकुर हजामले कुनै पनि परीक्षाहरु नदिई दस्तुरको बहानामा रु. ४,५०,०००।- शिक्षा अधिकृत (वि.नि.) राजेश्वर प्रसाद चौरसियालाई घुस रिसवत दिएर निजबाट गलत तथा नक्कली कागजातहरु प्राप्त गरी राहत शिक्षकको पदमा कार्यरत रही रु. ३,०४,२१०।- तलव भत्ता भुक्तानी लिई खाई नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ द्वारा परिभाषित कसुरसमेत गरेको देखिँदा निज धर्मेन्द्र ठाकुर हजामउपर घुस रिसवतवापत दिएको रकम रु.४,५०,०००।- र नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याएको रकम रु.३,०४,२१०।- समेत गरी विगो रु.७,५४,२१०।- (सात लाख चवन्न हजार दुई सय दस) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम सजाय गरी घुस रिसवत दिएको विगो ऐ.ऐनको दफा ३ को उपदफा (१) बमोजिम असुल गरी जफत हुन र नेपाल सरकारलाई हानिनोक्सानी हुन गएको विगो ऐ. ऐनको दफा १७ बमोजिम असुलउपर हुन मागदावी लिइएको ।

जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिक्षा शाखाका शिक्षा अधिकृत (विद्यालय निरीक्षक) राजेश्वर प्रसाद चौरसियाले वदनियतसाथ गोलमटोल रुपमा खर्चको तेरिजसमेत उपलव्ध नगराई आफूले नक्कली तथा गलत कागजातहरुबाट विद्यालयमा कामकाजमा लगाएका निज धर्मेन्द्र ठाकुर हजाम समेतले तलव भत्ता प्राप्त गर्ने गरी आफू अनुकूल निकासाको सिफारिस गरी तथा निकासा गरी गराई श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय मसिहानीमा नक्कली एवं प्रचलित कानून विपरीत कार्यरत शिक्षकलाई समेत तलव भत्ता भुक्तानी दिलाई नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ द्वारा परिभाषित कसुरसमेत गरेको देखिँदा निज राजेश्वर प्रसाद चौरसियाउपर गैरकानूनी लाभ घुस रिसवत लिएको रकम रु.४,५०,०००।- र नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याएको रकम रु. ३,०४,२१०।- समेत गरी विगो रु. ७,५४,२१०।- (सात लाख चवन्न हजार दुई सय दश) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम सजायँ गरी घुस रिसवत लिएको रकम विगो ऐ.ऐनको दफा ३ को उपदफा (१) बमोजिम असुल गरी जफत हुन र नेपाल सरकारलाई हानिनोक्सानी भएको विगो ऐ.ऐनको दफा १७ बमोजिम असुलउपर हुन मागदावी लिइएको।

श्री राम प्राथमिक विद्यालय पिपरडाढी पर्साका प्रधानाध्यापक रामवेलास प्रसाद पटेलले विद्यालय निरीक्षक राजेश्वर प्रसाद चौरसियालाई झुट्टा एवं गलत कागजात तयार गर्नमा मतियारको रुपमा सहयोग गरी रु.३,०४,२१०।- तलव भत्ता निकासा गरी गराई भुक्तानी भई नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याई सहयोगी मतियारको भूमिका निर्वाह गरेको देखिन आई निज प्रतिवादी रामवेलास प्रसाद पटेलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा मतियार हुने कार्य कसूर गरेको पुष्टि हुन आएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम रु.३,०४,२१०।- (तीन लाख चार हजार दुई सय दस) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

**(प्रदीपकुमार कोइराला)**

**प्रवक्ता**